सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक २१० ♦ २०८१ साल फागुन २७ गते मंगलवार♦ 11 March 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## चिनी उद्योगमा उखु अभाव, घट्यो उत्पादन



**खबर दर्पण समाचारदाता**
**फागुन २६ गते, बर्दिवास**

कुनै समय वैशाखसम्म चिनी उत्पादन गर्ने उद्योगलाई अहिले फागुनमै उखु अभाव खेप्नु परेको छ ।

महोत्तरीको गौशाला-१ रामनगर स्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डष्ट्रिज ( बोलीचालीमा एभरेस्ट चिनी उद्योग, एभरेस्ट चिनी मिल) लाई यसपालि क्रसिङ व्यस्त हुनुपर्ने फागुनमै उखु अभाव खेप्नु परेको हो ।

एक दशकअघिको तुलनामा खेती निकै घटेपछि उद्योगमा चाँडै उखु अभाव भएको हो । एक दशक अघि जिल्लामा १५ हजार बिघा नाघेको उखु खेती पछिल्ला चार/पाँच वर्षयता ओरालो लाग्दै अब आठ हजार बिघाको सेरोफेरोमा आएको छ ।

यो पनि पछिल्ला तीन वर्षयता उद्योगले उखुको भुक्तानी क्रमशः सहज बनाउँदै लगेपछि बढेको खेतीले अहिले आठ हजार बिघा पुगेको उखु उत्पादक किसान सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा बताउँछन् । "उखुको उचित मूल्य नपाउँदा र भुक्तानी पनि बर्सौं पर्खनुपर्दा किसान आजित भएर खेती छोड्दै गएका हुन्", कुशवाहा भन्छन्, "पछिल्ला तीन वर्षयता उद्योगले भुक्तानी सहज बनाएपछि केही बढेर अहिले आठ हजार बिघाको सेरोफेरोमा खेती पुगेको हो ।" यद्यपि मूल्य उचित तरिकाले नतोकिँदा किसानको मन मरेको उनको भनाइ छ ।

वैशाखसम्म उखु क्रसिङ् हुने उद्योगमा अहिले फागुनमै उखु अभावले पूर्ण क्षमतामा क्रसिङ् हुन सकेको छैन । यसपालि गत मङ्सिर २६ गते क्रसिङ् सुरु भएको उद्योगमा 'नो क्यान' ( उखु अभाव) ले कैयौं दिन क्षमता घटाएर क्रसिङ् गर्नुपरेको उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला बताउँछन् । "हामीले उखु नपुगेर यसबीचमा २३ दिन क्षमता घटाएर क्रसिङ् गरेका छौं, यस अवधिमा एक सय ३५ घण्टा उत्पादन रोक्नुपरेको छ", शुक्लाले भने, "आजभोलि तीन दिन उखु जम्मा गरेर रातको समयमा १० घण्टा जति मात्र चिनी उत्पादन गर्दै आएका छौं ।" किसानलाई चाँडै उखु दिन सार्वजनिक अपिल नै गरिए पनि खासै आपूर्ति बढ्न नसकेको उनको भनाई छ ।

फागुनमै उद्योगलाई उखु अभाव हुनुमा खेती घट्नु, किसानले उखु आफैं पेल्नु र विभिन्न जिल्लाका उद्योगले उखु खरिद गरेर लानु मुख्य कारण हुन् । सङ्घका अध्यक्ष कुशवाहा भने मुख्य कारण खेती घट्नुलाई मान्छन्, "मुख्य कुरा खेती घट्नु नै हो, चिनीको मूल्य, खेतीको लागत र विभिन्न सामानको मूल्यवृद्धिको अनुपात मिलाएर उखुको मूल्य निर्धारण हुँदैन",

बाँकी पृष्ठ २ मा

## प्रदेशहरूलाई अधिकार सम्पन्न र स्वायत्त बनाउन पहल गर्ने लगायत जनमत पार्टीको १३ बुँदे निर्णय




**खबर दर्पण समाचारदाता**
**फागुन २६ गते, बर्दिवास**

जनमत पार्टीले सांगठनिक मजबुती, संघीयताको सुदृढीकरण गर्दै राजनीतिक स्थायित्वका लागि अघि बढ्ने लगायतको निर्णय गरेको छ । अध्यक्ष डा. सीके. राउतको अध्यक्षतामा बर्दिबासमा दुईदिन चलेको बैठकमा केन्द्रीय सदस्यहरू तथा पर्यवेक्षकहरूको कार्यप्रगति मूल्यांकन गरी आगामी दिनमा उनीहरूलाई कायम राख्ने वा अन्य जिम्मेवारी दिने विषयमा निर्णय गरिने जनाइएको छ।

संगठन विस्तारका लागि सदस्यता अभियान तीव्र बनाउने, भातृसंगठनहरू गठन गर्ने, विविध वर्ग, समुदाय, व्यवसाय समूह तथा भौगोलिक क्षेत्रमा पार्टीको उपस्थिति बलियो बनाउने निर्णय भएको जनमतका प्रवक्ता सरदसिंह यादवले जानकारी दिए ।

यस्तै आगामी दिनमा सडक आन्दोलन, संसदीय गतिविधि तथा सरकारको नीति निर्माणमा प्रभावकारी भूमिका खेल्ने रणनीति तयार गर्ने निर्णय गरेको छ। साथै, सशक्त आन्दोलनका लागि युवादस्ता गठन गरी प्रशिक्षणमा विशेष ध्यान दिने निर्णय पनि गरिएको उनले बताए ।

प्रदेशहरूलाई अधिकार सम्पन्न, स्वायत्त र प्रभावकारी बनाउन आवश्यक कानूनी संरचना निर्माण गर्न पहल गर्ने निर्णय गरिएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि जनचेतना अभिवृद्धि गर्ने तथा देशमा भइरहेको राजनीतिक प्रतिगामी ध्रुवीकरणको विरुद्ध सचेतना फैलाउने निर्णय बैठकले गरेको छ।राजनीतिक दलसम्बन्धी ऐन, दुई दलीय व्यवस्था लागू हुने किसिमको थ्रेसहोल्ड, भूमि तथा नागरिकता सम्बन्धी अध्यादेशलाई जनमत पार्टीले प्रतिगामी कदमको रूपमा व्याख्या गर्दै प्रखर रूपमा विरोध गर्ने निर्णय गरेको प्रवक्ता यादवले बताए ।


तराई-मधेशको पानीको मूल, चुरिया पर्वतको संरक्षण तथा अवैध उत्खनन रोक्न विभिन्न तहमा पहल गर्ने निर्णय गरिएको छ। साथै, हुलाकी राजमार्ग, पुलहरू, तराई-मधेश फास्ट ट्र्याक तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि जोडदार लबी गर्ने निर्णय बैठकले गरेको छ।समग्र देशको विकास र भविष्यको निकास 'नौलो गणतन्त्र' भएको जनाउँदै यस अवधारणालाई घर-घरमा पुर्याउने र विभिन्न कार्यक्रममार्फत जनचेतना अभिवृद्धि गर्ने निर्णय गरिएको

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

## प्रदेशहरूलाई अधिकार सम्पन्न.....

छ।

यस बैठकमा पार्टीको दीर्घकालीन रणनीति तथा संगठन विस्तारका योजनाहरूलाई मूर्तरूप दिन आवश्यक अध्ययन तथा सुझाव समिति गठन गर्ने निर्णय पनि पारित गरिएको छ।सिरहा जिल्लाको रिंकु सदासहितका घटनाको संज्ञान लिँदै दलित, गरीब, पिछडिएका तथा निमुखा वर्गमाथि भइरहेको दमन, शोषण र हिंसाविरुद्ध जनमत पार्टी संगठित रूपमा संघर्ष गर्ने निर्णय गरिएको प्रवक्ता यादवले बताए। नागरिक उन्मुक्ति पार्टीसहितका विचार तथा सिद्धान्त मिल्ने पार्टीहरूसँग एकीकरणको सम्भावनाबारे छलफल गर्न अब्दुल खान, डा. शरदसिंह यादव र बालगोविन्द चौधरी सम्मिलित कार्यदल गठन गर्ने निर्णय गरिएको छ।

## चिनी उद्योगमा....

कुशवाहा भन्छन्, "यसपालि हामीले उखुको मूल्य न्यूनतम सात सय ५० रुपैयाँ हुनुपर्ने माग गरेका थियौँ, तर सरकारले गत वर्षको मूल्यमा प्रति क्विन्टल २० रूपैयाँमात्र बढाएर भारा टारेको छ, यसले खेतीमा किसानको उत्साह जाग्न सकेन।"

गत वर्ष उद्योगले दिने उखुको मूल्य ५६५ रुपैयाँ प्रति क्विन्टल थियो। यसबाहेक सरकारले प्रति क्विन्टल ७० रुपैयाँको अनुदानबापत दिनेछ। उखुको मूल्य निर्धारण गरिँदा कमसेकम अहिलेको मूल्यवृद्धिलाई र चिनीको बजार मूल्यलाई ख्याल गरिनुपर्ने किसानको माग छ। यस्तो हुन नसक्दा किसान र उद्योग दुवै मर्कामा पर्दै आएका कुशवाहाको भनाइ छ। उखु खेतीका लागि जिल्लाको अधिकांश भागको माटो र हावापानी उपयुक्त भए पनि मूल्यकै कारण किसानले खेती बढाउन जाँगर नदेखाएको उनको ठम्याइ छ।

## बर्दिबास -३ मा एक करोड ४० लाखको लागत तीन योजनाको शिलान्यास

महोत्तरीको बर्दिबास नगरपालिका-३ गरिबासमा एक करोड ४० लाखको लागत तीन योजनाको शिलान्यास गरिएको छ। भौतिक पूर्वाधार मन्त्रालय मधेस प्रदेशको लगानिमा सामुदायिक भवन तथा विधालय भवनको शिलान्यास गरिएको हो।

भौतिक पूर्वाधार मन्त्री सरोज कुमार यादव, प्रतिनिधि सभासदस्य लक्ष्मी महतो, प्रदेश सभा सदस्य सारदा देवि थापा र वडाध्यक्ष विराट विष्टले संयुत रुपमा शिलान्यास गरेका हुन्।

पाटुको कल्पेश्वर महादेव मन्दिरमा ४५ लाखको लागतमा सामुदायिक भवनको निर्माण हुँदैछ। राजबासको दुधेश्वरी आधार भूत विद्यालयमा ९५ लाखको लागतमा चार कोठे पक्की भवनको निर्माण कार्य थालिएको विद्यालय व्यवस्थापन समितीका अध्यक्ष राम बहादुर थापाले बताउनुभयो।-खबर दर्पण

# औरही नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**औरही, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी भर्ना लिने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०८१।११।२७)**

यस औरही नगरपालिकाको लागि तपसिलमा उल्लेखित पदहरूको स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ र औरही नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७९ को आधारमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा नेपाली नागरिकलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सूचनामा प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्न हुन आह्वान गरिएको छ।

| सि.न. | विज्ञापन नं | पदको नाम | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ०१/ नगर /२०८१/०८२ | कृषि विकास अधिकृत | १(एक) | |

**शर्तहरू:**

१. उमेरको हद सम्बन्धमा दरखास्त दिन पाउने अन्तिम दिन सम्म २१ वर्ष पुरा गरी ४० वर्ष ननाघेको हुनुपर्ने।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।
३. आवेदकले पालिकाबाट जारि दरखास्त फाराममा सम्पूर्ण विवरण तयार गर्नु पर्ने साथै न्यूनतम शैक्षिक योग्यता तथा अनुभवको प्रमाण-पत्र लगायत अध्ययन अध्ययापन अनुमति पत्रको प्रतिलिपिको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।
४. स्थानीय तहमा कार्य गरेकोलाई विशेष ग्राहयता दिईनेछ।
५. महिलालाइ विशेष प्राथमिकता दिइनेछ।
६. अन्तर्वार्तामा आउँदा अनिवार्य रुपमा सक्कल प्रमाण-पत्र लिएर उपस्थित हुनुपर्नेछ।
७. आवेदन दिने अन्तिम दिनमा विदा परेमा सो को भोलिपल्ट सम्म आवेदन दिन सकिने छ।
८. पदपूर्ति सम्बन्धी अन्तिम निर्णय लिने अधिकार पालिकामा निहित रहेन छ। यसमा कुनै कतै पुनरावेदन लाग्ने छैन।
९. विदेशी संस्थाबाट अध्ययन गरेको हकमा त्रिभुवन विश्वविद्यालयबाट वा नेपाल सरकारले तोकेको निकायबाट समकक्षताको प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ।
१०. **छनौट प्रक्रिया** :- संघीय/प्रदेश लोक सेवा आयोगले सञ्चालन गरेको परीक्षाको अन्तिम नतिजामा वैकल्पिक सूचीमा परेका उम्मेदवारहरुलाई योग्यताक्रम तथा अन्तरवार्ताका आधारमा सोझै छनौट गरी नियुक्ति गरिनेछ।
११. **पारिश्रमिक** :- पालिकाले तोकेको तथा करार सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराईनेछ।
१२. **परिक्षा दस्तुर** :- दस्तुर रु. १०००/- ( एक हजार मात्र ) को नगदी रसिद वा बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
१३. **सम्पर्क मिति** :- आवेदन दिने अन्तिम मितिको ५ दिन पछी दिइनेछ।
१४. **परिक्षा मिति** :- सम्पर्क मितिमा तोकिनेछ।
१५. **सेवा अवधिः-** क) २०८२ आषाढ मसान्त सम्म र सन्तोषजनक कार्य सम्पादनको आधारमा कार्यालयले म्याद थप गर्न सक्नेछ।
ख ) सम्बन्धित पदमा स्थायी पदपूर्ति भई आएमा स्वतः करार सम्झौता भंग हुनेछ।
१६. **दरखास्त पाउने स्थान** :- यस पालिकाको प्रशासन शाखा।
१७. **दरखास्त बुझाउने स्थान** :- पालिकाको प्रशासन शाखामा बुझाउनु पर्नेछ।
१८. **दरखास्त बुझ्काउने अन्तिम मिति** :- सूचना प्रकाशन भएको १५ औं दिनको कार्यालय समय भित्र।
१९. **योग्यता** :-पालिकाले तपशिलमा तोकेको पदका लागि तोकेको योग्यता अनुसार हुनेछ।
क- **कृषि विकास अधिकृत** - कृषि विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट कृषि विज्ञानमा स्नातक तह उतीर्ण हुनुपर्नेछ।

माधवेन्द्र चौधरी
**प्रमुख प्रशासकिय अधिकृत**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेशमा प्रदेशस्तरीय हस्तलेखन प्रतियोगिताः कुन-कुन विद्यालय वने विजेता ?

**खबर दर्पण समाचारदाता**

**फागुन २६ गते, बर्दिवास**

मधेश प्रदेशका एक हजार भन्दा बढी सहभागी संस्थागत र सामुदायिक विद्यालयका छात्र-छात्राहरुको प्रदेशस्तरिय हस्तलेखन प्रतियोगिता सम्पन्न भएको छ । पर्सा देखि सप्तरीसम्मका ५ हजार भन्दा बढी प्रतियोगी सहभागी भएको उक्त प्रतियोगिताको नतिजा आइतबार एक समारोहका विच सार्वजनिक गरिएको हो ।

कनेक्ट एजुकेसन सेन्टर काठमाण्डौले मंसिरको पहिलो हप्तादेखी सुरु गरेको प्रतियोगितामा विजेतालाई २० हजार नगद पुरुस्कार र उपविजेतालाई १० हजार नगद पुरुस्कार समेत हस्तान्तरण गरिएको छ । एजुकेसन सेन्टरका निर्देशक विक्रम सिंह धामीका अनुसार प्रतियोगितालाई प्रथम, दोश्रो र तेश्रो तहमा विभाजन गरिएको थियो ।

प्रथम तहमा कक्षा -२ देखि ४ सम्म, दोश्रो तहमा कक्षा- ५ देखि ७ सम्म, तेश्रो तहमा कक्षा-८ देखि १० कक्षासम्म विभाजन गरिएको निर्देशक धामीले जानकारी दिए । प्रथम तहको विजेता ग्लोवल एकेडेमी बर्दिवास र उपविजेता हिमाली स्कुल जनकपुर वनेको छ । ग्लोवल एकेडेमीमा अध्यणरत रिया बम्जन विजेता र हिमाली स्कुलमा अध्यणरत रितिका चौधरी उपविजेता वनेको आयोजक पक्षले जनाएको छ । त्यस्तै दोश्रो तहको विजेता साउथ जोन विध्यालय बिरगंजमा अध्यणरत नितेश गौरव वनेका छन । उपविजेता भने लालीगुरास स्कुल सर्लाहीमा अध्यणरत अनित साहले हात पारेको कनेक्ट एजुकेसन सेन्टरका कार्यक्रम संयोजक देवेन्द्र आचार्यले जानकारी दिए ।




तेस्रो तहको विजेता भने बाराको जितपुर पब्लिक स्कुल वनेको छ । पायल रौनियारको उत्कृष्ट हस्तलेखनले पब्लिक स्कुललाई तेस्रो तहको विजेता वनाएको छ । त्यस्तै अंशु खनालले उपविजेता भने बाल निकेतन चन्द्रपुर रौतहटलाई दिलाएका छन ।

छनोटको अन्तिम चरण सम्बन्धित पालिकामा गरिएको र पालिकावाट उत्कृष्ट वनेका प्रतियोगीहरुलाई चरण-चरणमा जिल्ला हुँदै प्रदेशमा लगिएको आयोजक पक्षले जनाएको छ । विजेता, उपविजेता र सहभागीहरुलाई प्रमाणपत्र, मेडल र नगद हस्तान्तरण गर्दै मधेश प्रदेशका संस्कृति तथा शिक्षा मन्त्री रानी सर्माले कम्प्युटर तथा प्रविधिले विद्यार्थीहरुलाई अल्छी वनाईरहेको वेला हस्तलेखन प्रतियोगिता मधेशमा फरक भएको वताईन । यस्ले लेखनमा अभिरुचि जगाउनुको साथै परीक्षा तथा अन्य लेखन क्रियाकलापहरुमा यस्ता प्रतियोगिता उपयोगी सावित वन्ने मन्त्री सर्माको भनाई छ । महोत्तरीको बर्दिवासमा भएको कार्यक्रममा महोत्तरी क्षेत्र क कि प्रदेशसभा सदस्य सारदादेवी थापा, बर्दिवास नगर पालिकाका नगरप्रमुख प्रल्हाद कुमार क्षेत्री लगायतको उपस्थिति रहेको थियो ।

# यस वर्ष आँपको रुखमा मन्जरी फुल (बतिया) लागेको देखेर किसान हर्षित



**धर्वेन्द्र कुमार यादव 'यदुव्रशी'**

**फागुन २६ गते, महोत्तरी**

तराई-मधेशका सर्वाधिक लोकप्रिय फलमध्ये आँप एक हो। आँप स्वाद र स्वास्थ्यका लागि पनि उपयुक्त मानिन्छ । आँपको रुखमा लागेपछि मन्जरी फुल( बतिया) देखेर किसानवर्गमा छुट्टै उमङ्ग साथै हर्षित भएका छन्।

यतिबेला तराई-मधेशका जिल्लाहरुमा आँपका विरुवामा मजरी आएको र आँप खेतीका लागि महोत्तरी,धनुषा,सिरहा ,सप्तरी पनि प्रख्यात छन्। आँपको विरुवामा मन्जरी आएपछि तराई-मधेशका किसान हर्षित भएको छ। यसपालि रुखमा पात ढाक्नेगरि मजर लागेपछि आँप उत्पादनमा वृद्धि हुने महोत्तरी जिल्लाको औरही नगरपालिका १ बस्ने एक वृद्धि राजकिशोर साहले अनुमान गरेका छन।

अर्कोतिर अकाशे पानीको चिन्ता पनि लागिएको पानी परेपछि मन्जरी कालो भई झर्ने डर पनि छ। विभिन्न किसिमका आँपहरु जस्तै मालदह, दसहरी , सपेताह , बमई लगायतका आँपको स्वाद पनि बेग्लै हुन्छ। तराईका आँपका फुलबारी यतिबेला सुग्न्धित लाग्न थालेको छ। आँप खानले धेरै किसिमको रोग पनि सन्चो भएको छ। आँपको आङ्ग+ नै अलौकिक विशेषता हुन्छ । किसान राजकिशोर साह संगको आजको कुराकानीमा मजरमा किरा लागेपछि किसानलाई सर्वप्रथम गटर मेशिनद्धारा औषधि छर्नुपर्ने बताए ।

उनका अनुसार हावाहुरी , पानीले मन्जरीलाई धेरै क्षति गर्ने भएकोमा अहिलेसम्म हावापानी चलेको पाइदैन । यो संगौ आँपका जोन मानिएको महोत्तरी,धनुषा, सिरहा र सप्तरी जिल्लाबाट उत्पादन भई नेपालका विभिन्न भु-भाग तथा अन्तर्राष्ट्रिय बजार मा आयातनिर्यात हुने गर्छन।


## स्तन क्यान्सर सम्बन्धी जानकारी

स्तनमा भएका कोषहरूको अनियन्त्रित र असामान्य रूपमा वृद्धि हुनुलाई स्तन क्यान्सर भनिन्छ । स्तन क्यान्सर स्तनको कुनै पनि भागमा सुरु हुन सक्छ। प्रायः स्तन क्यान्सर, दूध उत्पादन हुने ग्रन्थि (लोब्यूल्स) वा (डकट) दूध वाहन नलीबाट सुरु हुने गर्दछ। स्तन क्यान्सर रक्त नलीहरू तथा लिम्फ नलीहरू हुँदै शरीरको अन्य भागहरूमा फैलिन सक्दछ ।



## स्तन क्यानसरका लक्षणहरू

- स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु
- स्तनको छालामा निको नहुने घाउ आउनु
- स्तनको आकारमा परिवर्तन आउनु
- स्तनको छाला सुन्तलाको बोक्रा जस्तो हुनु
- स्तनको मुन्टा भित्र तर्फ जानु
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु
- स्तन दुख्नु वा सुन्निनु



**यी मध्ये कुनै पनि लक्षण देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीकोमा जाँच र परामर्शको लागि सम्पर्क गर्नुपर्छ ।**

## स्तन क्यानसरको जोखिमबाट बच्ने उपायहरू

- धुम्रपान तथा मद्यपान नगर्ने
- स्तनको नियमित जाँच वा परिक्षण गर्ने
- स्तनपान गराउने
- नियमित व्यायाम गर्ने
- तौललाई सन्तुलनमा राख्ने
- पोषणयुक्त खानेकुरा खाने



सम्सी गाउँपालिकाको कार्यालय

सम्सी, महोत्तरी -मधेश प्रदेश



## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# मधेशमा ९१ करोड लगानीमा ३५ वटा कृषि तथा पशुपंक्षी सेवा केन्द्र वन्दै

**विशाल बस्नेत**

**फागुन २६ गते, बर्दिवास**

पालिकास्तरिय कृषि तथा पशुपंक्षी सेवा केन्द्र निर्माणले स्थानीय तहवाट प्रवाह गर्ने कृषि सेवामा सहज वनेको छ ।

विश्व बैंकको आर्थिक सहयोगमा ग्रामिण उधम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोरले उपलब्ध गराएको अनुदानवाट मधेशका स्थानीय तहमा प्रवाह हुने कृषि तथा भेटनरी सेवाहरुमा सहज वनेको हो ।

नेपालका मुख्य आर्थिक करिडोरहरुलाई लक्षित गरि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको अधिनमा करिडोरको कार्यालयले ३५ वटा पालिकाहरुमा सेवा केन्द्रहरु वनाउने प्रक्रिया अगाडी वढाएको छ ।

लगभग ९१ करोड लागतमा निर्माणाधीन अवस्थामा रहेका सेवा केन्द्रहरु कतिपय पालिकामा सम्पन्न गरेर हस्तान्तरण समेत भईसकेको छन भने कतिपय ठाँउहरुमा निर्माणको चरणमा भएको करिडोर कार्यालयका सुचना अधिकारी सन्तोष प्रकाशले वताए ।

कार्यालयले प्राविधिक सहयोग सहित एउटा पूर्ण भवन हस्तान्तरण गर्दा पूर्ण औजार भएको प्रयोगशाला समेत हस्तान्तरण गर्ने भएकाले पालिकाको कृषि तथा पशुपंक्षी विकासमा महत्वपूर्ण कोशेढुंगा सावित हुने पालिकाका जनप्रतिनिधिहरुले वताएका छन् ।

धनगढीमाई सिराहाका स्थानीय रमेश महतोले प्रशासकीय भवन समेत नवनिरहेको अवस्थामा कृषि तथा पन्शुपंक्षी सेवा केन्द्रको भब्य भवनले निक्कै सकारात्मक संदेश प्रवाह भईरहेको वताउछन् । एकीकृत सेवाहरु एकै ठाँउहरुवाट प्रवाह हुने भएकाले पनि यो भवन किसानहरुको लागि बिशेष वनेको उन्को भनाई छ ।माटो किल्निक, गोवर जाँच, अर्गानिक खेतीको लागि प्रयोगशाला जस्ता कृषि र पशु स्वास्थ्यमा यो भवनका संरचनाहरुले किसानहरुलाई व्यावसायिक कृषि र पशुपालनमा सहज वन्ने बिस्वास गरिएको छ । खेतीपाती र पशुपालनमा कार्यालयले स्टार्ट अप अनुदान प्रदान गर्ने भएतापनि यो भवन भने पूर्ण तयार गरेर स्थानीय तहलाई हस्तान्तरण गर्ने गर्दछ । स्थानीय तहका जनप्रतिनिधिहरुको संयोजन र पालिकाका संघन आवस्यकतालाई हेरेर छनोट गरिएको कार्यालयले जनाएको छ ।

मधेश प्रदेशको हुलाकी र पुर्व-पश्चिम राजमार्ग अन्तर्गत याँहाको कार्यालयले ८ वटा जिल्लाका ८४ वटा पालिकाहरुमा काम गरिरहेको छ तर सेवा केन्द्र निर्माण भने पारम्भिक चरणमा आवस्यकतालाई मध्यनजर गर्दै ३५ वटा पालिकामा मात्र निर्माण भईरहेको कार्यालयले जनाएको छ ।



स्टार्ट-अप अनुदानका विभिन्न सम्भाग मध्ये तेश्रो सम्भागमा पारम्भ भएको सेवा केन्द्र निर्माण प्रक्रिया ३५ मध्ये १० पालिकामा सम्पन्न भएर हस्तान्तरण भईसकेको छ। हस्तान्तरण हुने पालिकाहरुमा सप्तरीको बलान बिहुल गाँउपालिका, सिरहाको भगवानपुर् नगरपालिका, धनुषाको कमला र मिथिला नगर पालिका, महोत्तरीको सम्सी गाँउपालिका, सर्लाहीको कौडेना गाँउपालिका, रौतहटको राजापुर नगरपालिका, बाराको फेटा गाँउपालिका र पर्साको जागर नाथ गाँउपालिका रहेका छन् । दोश्रो चरणमा भएका कामको ६५ प्रतिशत, तेश्रो चरणमा भएका कामको ४५ प्रतिशत र अन्तिम चरणमा सम्झौता भएको कामको ६५ प्रतिशत अहिलेसम्म काम भएको कार्यालय प्रमुख राजेश साहले जानकारी दिए ।

विशिष्ट उदेश्य सहित निर्माण भएको सेवा केन्द्रले किसानहरुको माटो परिक्षण, कृषि एम्बुलेन्स, भेटनरी सम्बन्धि सम्पूर्ण प्रदान गर्ने भएकाले आम किसानहरुलाई कृषि र पशुपंक्षीपालनमा प्रोत्साहन गर्ने मात्र हैन बजारिकरणको समेत व्यवस्थापन मिलाउने भएकाले यो सेवा केन्द्र महत्वपूर्ण मानिएको छ ।

पालिकाको आन्तरिक बजेटवाट ठुला काम गर्न नसकिरहेको वेला किसानहरुको अत्यावस्यक सेवा केन्द्रको स्थापनाले व्यावसायिक कृषि र पशुपालनमा आकर्षित गर्ने र सामुहिकरुपमा किसानहरुको आर्थिक जीवनस्तर माथी उकासिने विस्वास लिइएको छ ।

३५ वटा सेवा केन्द्रको निर्माणको लागि अहिलेसम्म ५० करोड ३५ लाख ८७ हजार भन्दा बढी भुक्तानी भईसकेको छ भने कामको प्रगतिअनुसार चरण-चरणमा भुक्तानी भईरहेको कार्यालयले जनाएको छ ।

यता किसानहरुलाई व्यावसायिक खेती र पशुपालनमा आकर्षित गर्न करिडोरको कार्यालयले स्टार्ट-अप अनुदान समेत प्रदान गरिरहेको छ । जसमा ८ वटा जिल्लाका १७९ वटा समुहहरु मापदण्डको परिधिमा रहेर छनोट भएका छन् ।

आयोजनाले व्यक्ति, व्यक्तिगत फर्म वा कम्पनीलाई भन्दा समूह, सहकारी र बस्तुगत उत्पादक संस्थालाई प्राथमिकता राखेको हुनाले पनि यो कार्यक्रम प्रभावकारी वन्ने विस्वास गरिएको छ ।

अहिले ८४ वटा पालिकहरुमा आयोजनाले झन्डै २ अर्व भन्दा बढी लगानी गर्ने लक्ष्य लिएको छ। बारामा १४ करोड, धनुषामा २३ करोड, महोत्तरीमा २६ करोड, पर्सामा ७ करोड, रौतहटमा ५५ करोड, सप्तरीमा ३१ करोड, सर्लाहीमा १६ करोड र सिरहामा ४० करोड लगानी गर्ने योजना छ । सोहीअनुसार अनुदानका कार्यक्रमहरु सार्वजनिक गरिरहेको कार्यालयले जनाएको छ ।

नागरिकका लागी पालिकाको सूचना

- नियमित कर तिरौं, सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविस्य निर्माण गरौं ।

मठिहानी नगर पालिका, महोत्तरी

नागरिकका लागी पालिकाको सूचना

- नियमित कर तिरौं, सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविस्य निर्माण गरौं ।

गौशला नगर पालिका, महोत्तरी

नागरिकका लागी पालिकाको सूचना

- नियमित कर तिरौं, सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविस्य निर्माण गरौं ।

मिथिला नगरपालिका, धनुषा

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

गणेशमान चारनाथ नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,